# सहकारी विकास कोष परिचालन कार्यविधि, २०७७

**<u>प्रस्तावना</u>** : सीमित श्रोत साधनको समुचित परिचालन गरीसहकारी विकास कोषको प्रयोगमार्फत सहकारी संस्था तथा सहकारीमा आवद्ध सदस्यहरुमा व्यावसायिकताको विकास गर्दै रोजगारी सिर्जना गरी आर्थिक समृद्धि हासिल गर्नुका साथै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न स्थापित कोषको प्रभावकारी, पारदर्शी,नियमित एवं व्यवस्थित ढङ्गले परिचालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, सहकारी ऐन, २०७६ को दफा १०७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारलेसहकारी विकास कोष परिचालनकार्यविधि, २०७७स्वीकृत गरी लागूगरेको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१.**<u>संक्षिप्त नाम र प्रारम्भ</u>** :(१)यस कार्यविधिको नाम"सहकारी विकास कोष परिचालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन"भन्नाले प्रदेश नं. ५, सहकारी ऐन, २०७६सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा ८९ बमोजिम स्थापन भएको सहकारी विकास कोषसम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले प्रदेश नं. ५, सहकारी नियमावली, २०७६सम्झनु पर्छ।

(घ)"बेरोजगार" भन्नाले आयआर्जन लगायत कुनै पनि पेशा व्यवसायमा संलग्न नरहेको वा स्वरोजगार समेतनभएको व्यक्ति सम्झनु पर्छ।

(ङ)"मन्त्रालय" भन्नाले सहकारी हेर्ने मन्त्रालयलाईसम्झनु पर्छ।

(च) "लगानी वा कर्जा" भन्नाले कोषबाट प्रवाह गरिने ऋण वा कर्जा रकमसम्झनु पर्छ सो शब्दले कोष परिचालनका लागि मन्त्रालय वा अन्य निकायबाट प्रवाह गरिएको ऋण वा कर्जा र सोबाट प्राप्त हुने ब्याज समेतलाई बुझाउँदछ।

(छ) "विशिष्टकृत सहकारी संघ" भन्नाले ऐनको दफा ८बमोजिम दर्ता भएकोसहकारी संघलाई सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले प्रदेश नं.५, सहकारी नियमावली,२०७६को नियम ५३ बमोजिम गठन भएकोसहकारी विकास कोष सञ्चालक समितिसम्झनु पर्छ।

(झ) "सहकारी"भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम स्थापना भएकासहकारीलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कोष परिचालनकाउद्देश्य,सहभागिता र प्रयोगका क्षेत्र

३.**कोषपरिचालनका उद्देश्यः** कोष परिचालनकाका उद्देश्यहरुदेहाय बमोजिमरहेका छन् :-

(क) सहकारी संस्थाका सदस्यहरुलाई सहज रुपमा वित्तीय पहुँचको सुनिश्चितता गर्ने,

(ख) सहकारी मार्फतकृषिको विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रीकरण मार्फतउत्पादनरउत्पादकत्ववृद्धि गर्ने,

(ग) रोजगारी सिर्जना गर्दै गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने, र

(घ) उच्च प्रतिफल प्राप्त हुने परियोजनामा लगानी प्रवर्द्धन गर्ने।

४.**कोषमा सहभागिता**ः(१) नियमावलीको नियम २१ को उपनियम (४) बमोजिमको सहुलियत कर्जा लगानी कोष स्थापना गरेका सहकारीहरुमात्र यस कोषको कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(२) सहुलियत कर्जा लगानी कोषसम्बन्धित सहकारीले साधारण सभाबाट स्वीकृत गरी वासञ्चालक समितिले साधारण सभाबाट अनुमोदन गर्ने गरी स्थापना गर्न सक्नेछन्।

५.**कोषको रकम जम्मा तथासञ्चालन** :(१) कोषलाई प्राप्त हुने रकम नेपाल राष्ट्रबैङ्कबाट मान्यता प्राप्त "क" वर्गको बैंकमा खाता खोलेरजम्मा गरी सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम खाता सञ्चालन नगर्दासम्म प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा जम्मा गरी कोषको सञ्चालन गरिनेछ।

(३) कोषको परिचालन मन्त्रालयको सचिव र आर्थिक प्रशासन शाखाप्रमुखको संयुक्त दस्तखतवाट सञ्चालन गरिनेछ।

६.<u>कोषको प्रयोग</u>:नियमावलीकोनियम ५५ को उपनियम (५) मा व्यवस्था भएकोऋणको सीमामा नबढ्ने गरी सहकारी संस्थातथा सहकारीमा आवद्ध सदस्यहरुलाई देहाय बमोजिमका क्षेत्रमा उद्यम वा व्यवसाय सञ्चालन गर्नका लागि कोषको प्रयोग गरिनेछ :-

(क)कृषिमा आधारित उत्पादन, भण्डारण तथा प्रशोधनउद्यम वा व्यवसाय,

(ख) वन एवम् जडीवुटी, गैह्र काष्ठ वनजन्य उत्पादनमा आधारित उद्यम वा व्यवसाय,

(ग) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम वा व्यवसाय,

(घ) खाद्य प्रशोधनमा आधारित उद्यम वा व्यवसाय,

(ङ) घरेलु तथा साना उद्योग विकास तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने परियोजना, र

(च) रोजगारी सिर्जना, गरिबी न्यूनीकरण तथा आयमूलक अन्य क्रियाकलापहरु।

## परिच्छेद-३

## <u>कोष सहजीकरणईकाइ गठन</u>

७.<u>कोष सहजीकरण ईकाई</u> :(१)नियमावलीको नियम ५३ बमोजिम गठितकोषकोसञ्चालकसमितिलाई आवश्यक सहयोग गर्न मन्त्रालयमा सहकारी महाशाखाहेर्ने प्रमुखको संयोजकत्वमासहकारी शाखा प्रमुख र सहायकस्तर कर्मचारी सहित तीन जना रहने गरी कोष सहजीकरणईकाइ गठन हुनेछ।

(२)लेखा श्रेस्ता, कागजात तथा अभिलेखहरु संरक्षण र व्यवस्थापन सम्बन्धीसवै कार्य मन्त्रालयको आर्थिकप्रशासन शाखाले गर्नेछ।

(३)कोष सहजीकरण ईकाइले सहकारी विकास वोर्ड र समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

८.**<u>ईकाईको काम, कर्तव्य र अधिकार</u>**ःईकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क)सहकारी विकास वोर्ड तथा समितिबाट भए गरेका काम कारबाहीहरुको अभिलेख व्यवस्थापन गर्ने,

(ख)कोष परिचालनका लागि आवश्यक फाराम तथा ढाँचाकोतयारी गरी समितिमा पेश गर्ने,

(ग)ऋण लगानीको लागि आशयको सूचना आव्हान गरी प्रारम्भिक मूल्याङ्कन सहित स्वीकृतिको लागिसमिति समक्ष सिफारिस गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको कार्यप्रगतिको अनुगमन तथा निरीक्षण गर्नेगराउने,

(ङ) समितिबाट तोकिएका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४

## <u>समितिको बैठक तथा काम, कर्तव्य र अधिकार</u>

९.**<u>समितिको बैठक</u>** : (१)नियमावलीको नियम ५३ बमोजिम गठन भएकोसमितिको बैठककम्तिमा महिनाको एक पटक र आवश्यकता अनुसार अन्य समयमा पनि बस्न सक्नेछ।

(२) बैठकमा सहभागी सदस्यहरुलाई बैठक भत्ता प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(३)बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले तय गर्नेछ।

१०. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** :ऐन तथानियमावलीमा तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ :-

(क)परियोजनामा सहुलियत कर्जालगानी तथा व्यवस्थापनका सम्बन्धमा कोष व्यवस्थापन ईकाइलाई आवश्यक मार्ग निर्देशन दिने,

(ख)ईकाइ मार्फत पेश गरिएका वित्तीय कारोवारका फाराम तथा ढाँचाहरुकोस्वीकृत गर्ने,

(ग) प्रारम्भिक छनौट भईस्थलगत निरीक्षण, अनुगमन तथा मूल्याङ्कन र विश्लेषण गरीपेश भएका सहकारी संस्थाका परियोजनाको स्वीकृत गर्ने,

(घ)परियोजना कार्यान्वयनमा आईसकेपछि त्यसको कार्यप्रगतिको अनुगमन तथा निरीक्षण गर्नेगराउने,

(ङ)कोषको रकम परिचालनका लागि आवश्यकता अनुसार विज्ञहरूको सहयोग लिने,

(च) मन्त्रालय तथासहकारी विकास वोर्डको निर्देशनमा अन्य कार्यहरु गर्ने।

## परिच्छेद-५

## लगानीको सीमा

११.ऋणलगानीका सीमाहरुः (१)ऋण तथा कर्जा लगानीको सीमातथा आधारहरु देहाय बमोजिमहुनेछन्ः-

(क) नियमावलीको नियम ५५ को उपनियम (५) को सीमा भित्र रहीसहकारी संस्थाले प्रति सदस्य बढीमा रु. दुईलाखसम्म ऋणउपलब्ध गराउन सकिनेछ।

(ख)सामूहिक रुपमा (कम्तिमा १५ जना) सदस्यहरुलेवा सहकारी संस्था आफैले परियोजना सञ्चालन गर्ने भएम अधिकतम रु. पचासलाखसम्मको ऋण प्रवाह गर्न सकिनेछ।

(ग) प्रदेशस्तरका उत्पादनमूलक सहकारी संस्थालाई प्राथमिकता दिईनेछ।

(घ) कोष मार्फत ऋण प्रवाह गर्दा नियमावलीको नियम ५५ बमोजिम गरिनेछ।

(ङ) सहुलियत रुपमा कोषबाट ऋण प्राप्त गर्ने सहकारी संस्था दुई वर्षदेखि नाफामा गएको र विगत तीन वर्षदेखि प्रचलित कानून बमोजिम कुनै पनि कसुरमा कारबाहीमा नपरेकोहुनुपर्नेछ।

तर नयाँ दर्ता भएका संस्थाहरुलाई ऋण उपलब्ध गराउन यस खण्डले बाँधा पुऱ्याएको मानिने छैन।

(च) ऋण वितरणलाई सन्तुलित र प्रभावकारी बनाउन सहकारी विकास वोर्डको नीतिगत निर्णयका आधारमा जिल्लागत रुपमा वितरण गरिनेछ।

(२) सहकारी विकास कोषको रकम सहकारीहरु मार्फत सदस्यहरु छनौट गरी ऋण लगानी गर्न सकिनेछ। सहकारी संस्थाले सदस्य छनौट गर्दा महिला, दलित, फरक क्षमता भएका, तेस्रो लिंगी तथा विपन्न व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

**परिच्छेद-६**

**<u>प्रास्ताव माग,लगानी र किस्तासम्बन्धी व्यवस्था</u>**

१२. <u>प्रस्ताव माग तथा छनौट</u>ः (१) कोष सञ्चालक समितिको निर्णय बमोजिमकोष सहजीकरण ईकाइले सहुलियत ऋण प्राप्त गर्न चाहने ईच्छुक सहकारी संस्थाहरुलाईप्रत्येक आ.व.मा अर्धवार्षिक रुपमा श्रावण र फागुन महिनामा प्रस्ताव आव्हानको सूचना अनुसूची-१ बमोजिमको ढाँचामा प्रकाशन गर्नेछ।

(२)कोषमा ऋण मागको लागिअनुसूची-२ बमोजिमकाकागजातहरु, अनुसूचि-३ बमोजिमको सहकारी संस्थाको विस्तृत विवरण र अनुसूचि-४ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ।

(३)सहकारीहरुलेपेश गरेका परियोजना प्रस्तावहरु कोष सहजीकरणईकाइले रुजु तथा प्रारम्भिक मूल्याङ्कनपश्चात आवश्यकता अनुसार स्थलगत अनुगमन तथा मूल्याङ्कन समेतगर्नेछ।

(४)प्रस्ताव आव्हानको सूचनाको म्याद समाप्त भएको ६० दिन भित्र प्रस्ताव छनौट गरिसक्नु पर्नेछ।

१३.<u>ऋणलगानी, ब्याज र किस्ता निकासा</u> : (१) सहकारीले सामान्यतया दुईवर्षका लागि मात्रआफ्ना सदस्यहरुलाई ऋण प्रवाह गर्न सक्नेछन्।दुई वर्षभन्दा बढी अवधिको लागिऋण प्रवाह गर्नु परेमासमितिबाट अनिवार्य रुपमा स्वीकृति लिनुपर्नेछ। यसरी स्वीकृति दिनु पूर्व समितिले वोर्डसँग समन्वय गर्नु पर्नेछ।

(२) कोष मार्फत सहकारीलाई ऋण उपलब्ध गराउदा तीन प्रतिशत ब्याजदरमा उपलब्ध गराईनेछ।कोषबाट प्राप्त सहुलियत कर्जालाई सहकारीहरुलेआफ्ना सदस्यहरुलाई अधिकतम तीन प्रतिशत ब्याज लिने गरी लगानी गर्नुपर्नेछ।सदस्यहरुले सम्बन्धित सहकारीहरुमा तोकिएको कार्य तालिका अनुसार साँवा र ब्याज भुक्तानी

गर्नुपर्नेछ। सहकारीले तोकिएको समयमा नै समितिको सचिवालयमा साँवा र ब्याज भुक्तानी गर्नुपर्नेछ।

(३) समितिको सचिवालयमा सहकारीले लिएको ऋण रकमको साँवा र ब्याज वापत हुने रकम फिर्ता गरिसकेपछि मात्र सम्बन्धित सहकारी संस्थाको व्यवस्थापन खर्चका लागि तीन प्रतिशत र सहकारी संस्थाले आफ्ना सदस्यलाई ऋण प्रदान गर्दा लिने ब्याजदरमा बढि नहुने गरी सहकारी संस्था मार्फत सदस्यले प्राप्त गर्ने गरी तीन प्रतिशतसम्म गरी जम्मा ऋण रकमको एकमुष्ट छ प्रतिशतसम्म हुने रकम सहकारी संस्थालाई उपलब्ध गराइनेछ।

(४)कोषबाट सहकारी संस्थाहरुलाईऋण प्रवाह गर्दा प्रथम किस्ता वापत ३०% का दरले हुन आउने रकम, दोस्रो किस्ता वापत रकम भुक्तानी गर्दा पहिलो किस्ता मार्फत प्राप्त गरेको रकम सहितको सहुलियत कर्जा लगानी कोषको सम्पूर्ण रकम लगानी गरी पेश गरेको विवरण रुजु गरी५०%का दरले हुन आउने रकम र तेस्रो किस्ता वापत दोस्रो किस्ता मार्फत प्राप्त गरेको सम्पूर्ण रकम लगानी गरी पेश गरेको विवरण रुजु गरी बाँकी २०% का दरले हुन आउने रकम अन्तिम किस्ताका रुपमा उपलब्ध गराइनेछ।

तर सहकारी संस्थाले सदस्यहरुको लगानी क्षेत्र पहिचान गरी ऋण स्वीकृति गरेको अवस्थामा एकैपटक स्वीकृत रकम भुक्तानी गर्नवाधा पुगेको मानिने छैन।

(५) सहकारी संस्थाहरुले कोषबाट प्राप्त रकम सदस्यहरुलाई कार्यविधि बनाई ऋण प्रवाह गर्नुपर्नेछ। पचास हजार भन्दा कम ऋण स्वीकृत भएका परियोजनामा एकै किस्तामा भुक्तानी गर्न सकिनेछ।

(६) सहकारीले सदस्यबाट असुली गरेको रकम पुनः अन्य सदस्यलाई लगानी गर्न सक्नेछन्।

तर तीन महिनासम्म पनिऋण लगानी गर्न नसकेमा उक्त रकम सहकारी विकास कोषमा फिर्ता गर्नुपर्नेछ।

(७) सहकारीहरुले कोषबाट प्राप्त कर्जा र आम्दानी खर्चको छुट्टै हिसाब राख्नुपर्नेछ र हरेक आर्थिक वर्षको अन्तमा समितिको सचिवालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(८) कोषबाट कर्जा लिएको सहकारी संस्थाले तीनवर्षसम्म पुनः ऋण मागको लागि आवेदन गर्न सक्नेछैन।

तर कोषमा उपलब्ध रकमका आधारमा परियोजनाको सम्भाव्यता र लगानी प्रतिफलको विश्लेषण बमोजिम पुनःकर्जा लगानी गर्न सकिनेछ।

(९) कोषबाट जुन प्रयोजनको लागि ऋण लगेको हो सोही कार्यमा मात्र लगानी गर्नु पर्नेछ अन्य प्रयोजनको लागि लगानी गरेको पाईएमा दफा १४ को प्रक्रिया बमोजिम असुल उपर गरिनेछ।

## परिच्छेद–६

## <u>ऋण रकम फिर्ता सम्बन्धीव्यवस्था</u>

१४.**<u>ऋण रकम फिर्ता सम्बन्धीव्यवस्था</u>** :(१) सहकारी संस्थाहरुले स्वीकृत भएको ऋण रकम दुई वर्षभित्र लगानी गरी सक्नुपर्नेछ।पहिलो वर्ष लिएको ऋण दोस्रो वर्षभित्र चुक्ता गरी सक्नु पर्नेछ तथा दोस्रो वर्ष लिएको ऋण तेस्रो वर्षभित्र चुक्ता गरी कोषमा दाखिल गर्नुपर्नेछ।

(२)मन्त्रालय र सहकारी संस्थाबीच सम्झौता बमोजिमको भुक्तानी तालिका अनुसार साँवा र ब्याज रकम नियमित रुपमा समितिले तोकेको खातामा दाखिला गर्नु पर्नेछ।

(३)सम्झौता बमोजिम समयमा कर्जा रकम फिर्ता नगरेमा वा रकमकोसदुपयोग नगरेमा सचिवालयलेसहकारी संस्थाहरुसँग देहाय बमोजिमको प्रक्रिया अपनाई रकमअसुल गर्नेछ।

(क) सम्बन्धित सहकारी संस्थालाई १५दिनको म्याद दिई कर्जाफिर्ताको लागि पत्राचार गर्ने,

(ख) पत्रिकामा सूचना प्रकाशित गर्ने,

(ग) ऋण लिने सहकारी संस्थाको चल अचल सम्पति रोक्का राख्ने,

(घ)नियमानुसार वोलकवोल प्रक्रियाबाट सो संस्थाको चल अचल सम्पत्तिकोबिक्रीगरी कर्जा रकम असुल उपर गर्ने गराउने,

(ङ) सञ्चालक, लेखा सुपरीवेक्षण समिति तथा उच्च स्तरका कर्मचारीहरुलाई प्रचलित कानून अनुसारकारबाहीगर्ने गराउने,

(च) सहकारीको नियमक निकायलाईकारबाहीकोलागि लेखि पठाउने,

(छ) कारोवार तथा दर्ता खारेजीसम्मकाकारबाहीगर्ने गराउन सक्ने,

(ज) अन्य आवश्यक प्रकृया अपनाई ऋणको असुलउपर गर्ने गराउने।

(४) उपदफा (३) बमोजिम कोषबाट प्रवाह भएको कर्जा असुल उपर नभएमा दुरुपयोग गर्ने सहकारी संस्थाकासञ्चालकहरुको चलअचल सम्पतिबाट असुलउपर गरिनेछ।

(५) उपदफा (४) बमोजिम असुलउपर नभएमा सञ्चालकहरुलाई सरकारी सुविधा रोक्का गर्ने गरी कारबाही गरिनेछ।

## परिच्छेद–७

## सहकारी संस्थाकोऋणी छनौट तथा ऋणवितरण प्रक्रिया

१५. **ऋणीको छनौट** : सहकारी संस्थाले ऋणी छनौट गर्दा देहाय बमोजिमका प्रक्रिया अवलम्वन गर्नु पर्नेछ :-

(क)सहकारी संस्थाले आफ्ना सदस्यहरुसँग कर्जा लगानीका लागि प्रस्ताव माग गरी पेश भएका विवरणहरुको अध्ययन र विश्लेषण गर्ने,

(ख) सहकारीले उचित ठहऱ्याएमाप्रस्ताव स्वीकृत गर्ने,

(ग)प्रस्ताव स्वीकृत भएका सदस्यहरुको विवरण सहित समिति समक्ष प्रक्रिया पुऱ्याई ऋणमाग गर्ने,

(घ)कोषबाट प्राप्तऋण रकम प्रवाह गर्दा परियोजनाको अनुगमन तथा निरीक्षण गरी सोको आधारमा नियमानुसार तोकिए बमोजिमको किस्ता प्रवाह गर्ने, र

(ङ) कर्जा प्रदान गरेपछि र असुली भएपछि सचिवालयलाई सोको अविलम्ब जानकारी दिने।

१६.**संस्थाहरुले ऋणवितरणगर्दा अपनाउनु पर्ने प्रक्रिया** :कोषबाट लिएको ऋणसहकारी संस्था सदस्यहरुलाई प्रवाह गर्न प्रस्ताव माग गर्दा प्रस्ताव साथ देहाय बमोजिमका कागजातहरु सलंग्न गर्नु पर्नेछ :-

(क) ऋणीको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

(ख) शैक्षिक योग्यता हासिल गरेको भए सोको प्रमाण-पत्रको प्रतिलिपि,

(ग) परम्परागत सीप (कृषि व्यवसाय, व्यापारतथा जातीय सीप)हुनेबाहेक अन्य सीप हासिल गरेको भए सो प्रमाण-पत्रको प्रतिलिपि,

(घ)ऋणीको एकाघरका परिवार सदस्यहरुको रोजगारीको अवस्थासमेत खुल्ने गरी पारिवारिकविवरण,

(ङ) ऋणीको वा निजको परिवारको नाममा रहेको चलअचल सम्पत्तिको पूरा विवरण,

(च)ऋण माग निवेदन,

(छ) परियोजनासम्बन्धी कागज-पत्र सहित ऋणमाग गर्नअनुसूची-५ बमोजिमको आवेदन।

## परिच्छेद–८

## विविध

१७.**ऋणको बिमा**ः (१) पचास हजार भन्दा बढी ऋण लगानी गर्दालगानीमा रहेको ऋण र परियोजनाको एकमुष्ट बिमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिमा गराउँदा न्यूनतम प्रिमियम लिने कुनै एक वा सो भन्दा बढीबिमा कम्पनीको छनौट सम्बन्धित सहकारी संस्थाले गर्नेछ।

१८. **लेखा र लेखापरीक्षण** : (१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) कोषको आम्दानी र खर्चको विवरण चौमासिक रुपमा सार्वजनिकीकरण गर्नु पर्नेछ।

१९. **प्रतिवेदन पेश गर्नुपर्ने** :आयोजना कार्यान्वयन गर्ने सहकारीहरुले चौमासिक तथा वार्षिक रुपमा आफ्नो प्रगति विवरण प्रतिवेदन सचिवालयमा बुझाउनु पर्नेछ।

२०. **प्रदेश सरकारले निर्देशन दिन सक्ने** : प्रदेश सरकारले यस कार्यविधिको कार्यन्वयनको सन्दर्भमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

२१. **<u>बाधा अड्चन निरुपण</u>**: यसकार्यविधि कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूचि-१**

(दफा १२ को उपदफा(१)सँग सम्बन्धित)

**<u>प्रस्ताव आव्हानको सूचनाको ढाँचा</u>**

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

प्रथम पटक सूचना प्रकाशित मितिः२०७७/...../....

यस मन्त्रालयको सहकारी विकास कोष अन्तर्गतको आर्थिक वर्ष२०../..को स्वीकृत कार्यक्रम बमोजिम सहकारी संस्थाहरुका लागि सहुलियत ऋण लगानी तथा कर्जा प्रवाहगर्नेगरी परियोजना प्रस्तावमा आधारित रहेर प्रदेश भित्रका १२ वटै जिल्ला भित्रका ईच्छुक, योग्यता पुगेकासहकारीले अनुसूची-२बमोजिमका आवश्यक कागजातहरुसंलग्न गरी प्रस्ताव पेश गर्नुहुनयोसूचनाप्रकाशितगरिएको छ। सूचना प्रकाशन भएकोमितिले३० दिनभित्रप्रस्ताव पेश गर्नुहुन अनुरोध छ।आवश्यक कागजातहरु प्राप्त गर्न मन्त्रालयको बेवसाइट molmac.p5.gov.np मा हेर्न सकिने छ साथै थप जानकारीको लागि मन्त्रालय तथा आवेदन पेश गर्ने ...... कार्यालयमा सम्पर्क गर्न सकिने छ।

अनुसूचि-२

(दफा १२ को उपदफा (२)सँग सम्बन्धित)

## सहकारी संस्थाले प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**बुटवल, नेपाल**

(क) सहकारी संस्थाकोविगत २ वर्षको लेखापरीक्षण प्रतिवेदन

(ख) संस्थाको विनियमको प्रतिलिपि

(ग) संस्था दर्ता प्रमाण-पत्र, प्यान नं. र चालु आ.व. को कर चुक्ताप्रमाण-पत्र

(घ)सञ्चालक समितिको निर्णयको प्रतिलिपि

(ङ) आयोजना सञ्चालन तथा व्यवस्थापन नीति/कार्यविधि/निर्देशिका

(च) संस्था २ वर्षदेखि नाफामा सञ्चालन भएको विवरण तथा सहुलियत कर्जा लगानी कोषको अवस्था

(छ) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन

(ज) लागत अनुमान (Cost Estimate), नाप, नक्सा

(ञ) कुनै कारबाहीमा नपरेको स्वघोषणा

अनुसूचि-३

(दफा १२ को उपदफा (२)सँग सम्बन्धित)

## ऋण माग गर्ने सहकारी संस्थाको विस्तृत विवरण

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**बुटवल, नेपाल**

क) सहकारी संस्था सम्बन्धी सामान्य जानकारीः

१. सहकारीको विवरण

- सहकारी संस्थाको नाम र ठेगानाः
- प्रधान कार्यालय/सेवा केन्द्रहरुः
- संस्था स्थापना मितिः
- संस्थाको प्रकारः
- संस्थाका सदस्यको विवरण

| महिला | पुरुष | जम्मा |
|---|---|---|
| | | |

- स्वीकृत कार्यक्षेत्रको विवरण

| क्र. सं. | गा.पा./न.पा. | वडा नं.हरु | साविकको ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |

- सञ्चालकहरुको विवरण

| सि.नं. | नाम थर | पद | ठेगाना | नागरिकता न. | सम्पर्क नं. | कार्यकाल समाप्त हुने मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सञ्चालकहरुले सहकारीविकाष कोषवाट लगेको रकम फिर्ता गर्न सामूहिक एवं व्यक्तिगत जमानी वस्न मञ्जुर गरेको निर्णय संलग्न छ।

- लेखासमितिको विवरणः

| सि.नं. | नाम | पद | ठेगाना | नागरिकता नं | सम्पर्क नं. | कार्यकाल समाप्त हुने मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

- कर्मचारीको विवरणः

| क्र. | नाम थर | पद | विभाग/शाखा | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- संस्थाले/संस्थाको सहयोगमा सदस्यहरुले गरेको नमूना/उत्कृष्ट व्यवसायहरु ३ वटा उल्लेख गर्ने

| क्र.स | व्यवसायको नाम | संलग्न सदस्य संख्या | व्यवसाय सञ्चालनको क्षेत्र | उत्कृष्ट हुनका कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

२. वित्तीय विवरण

| शीर्षक | | | | |
|---|---|---|---|---|
| शेयर पुँजी | | | | |
| जगेडा कोष | | | | |
| जोखिम कोष | | | | |
| सहुलियत कर्जा लगानी | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कोष | | | | | |
| कुल निक्षेप | वचत | | | | |
| | मुद्दती | | | | |
| | अन्य | | | | |
| | संस्थागत निक्षेप | | | | |
| ब्याज मूलतवी | | | | | |
| कूल ऋण लगानी | | | | | |
| कृषि जन्य क्षेत्रमा | | | | | |
| सेवा व्यवसाय | | | | | |
| लघु उद्योग | | | | | |
| अन्य व्यवसाय | | | | | |
| कूल लगानी | | | | | |
| स्थिर सम्पत्ति (घर जग्गाको हकमा मालपोत कार्यालयको मूल्याङ्कन रकम) | | | | | |
| कूल आम्दानी | | ब्याज | | | |
| | | अन्य | | | |
| कूल खर्च | | ब्याज | | | |
| | | कर्मचारी | | | |
| | | अन्य सञ्चालन खर्च | | | |
| सञ्चालन मुनाफा | | | | | |
| आयकर अघिको वचत(नाफा) | | | | | |

| | | | | |
|---|---|---|---|---|
| जोखिम व्यहोर्ने कोषहरुको रकम | | | | |
| | | | | |
| | | | | |
| अनिवार्य नियमित वचत रकम | | | | |
| अनिवार्य नियमित वचत गर्ने सदस्य संख्या | | | | |
| म्याद नाघेको ऋण रकम | | | | |
| म्याद नाघेको ऋण प्रतिशत | | | | |
| पछिल्लो पटक साधारण सभा बसेको मिति | | | | |

- सहकारी संस्थाको चुक्ता पुँजीको १०% र सो भन्दा वढी शेयर खरिद गर्ने सदस्यहरुको विवरणः (एक घर परिवारले लिएको रकम समेत जोडी हिसाब गर्ने)

| क्र. सं. | संस्था सदस्य/परिवारको नाम | लिएको शेयर रकम |
|---|---|---|
| | | |
| | | |
| | | |

- सञ्चालक तथा लेखा समितिका सदस्यहरुले लगेको ऋणको विवरण

| क्र. सं. | नाम थर | पद | शीर्षक | बाँकी सावाँ | बाँकीब्याज | भुक्तानी मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूचि-४

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

## सहकारी संस्थाले ऋण मागको लागि पेश गर्ने प्रस्तावको ढाँचा

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

१. संस्थाको परिचय (पुँजी,प्रस्तावित कार्यक्षेत्रहरु,लगानिकाप्राथमिकताक्षेत्र,उद्देश्य आदि)

२. सहकारीका ऋण प्रस्तावक समूह/सदस्यको विवरण

| सि.नं. | प्रस्तावक समूह/सदस्यको नाम | प्रस्ताविक परियोजनाको नाम | कूल लागत | ऋण स्वीकृतिको अवस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

२. परियोजनाको उद्देश्य र रोजगार सृजना हुने संख्या

३. ऋण वितरण योजना (भौगोलिक क्षेत्र, लगानीको क्षेत्र,लक्षित सहभागीहरु, कूल लगानी गर्ने रकम र मासिक वितरण तालिका)

४. व्यवसायीबाट मासिक ऋण फिर्ता गर्ने भुक्तानी तालिका

५. कोषबाट ऋण प्राप्त भएपछि तालिम ऋण प्रवाह अनुगमननिरीक्षण आदिकोलागि गरेको कर्मचारी व्यवस्था

६. सापटी रकमको कोषलाई फिर्ता वुझाउने तालिका

सहकारी मार्फत सहकारीविकाष कोषकोसहुलियत ऋण मार्फत कार्यक्रम सञ्चालगर्न प्रतिवद्धतापत्र सहित रु .................. ........................... . ..........उपलब्ध गराउन अनुरोध गर्दछौं। उक्त रकम यस क्षेत्रमा नमूना व्यवसायहरुमा सुरक्षित पूर्वक सदस्यहरुमा स्वरोजगार सृजना गरी प्रस्तावमा तोकिएको समय भित्र कोषमा फिर्ता बुझाउन हामी तपसिलका सञ्चालकहरुव्यक्तितग तथा सामूहिक रुपमा जमानीवस्न

मञ्जुर गरी यो प्रस्ताव भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पेश गरेका छौं। मन्त्रालयले गरेका निर्णय हाम्रो लागि मान्य र अन्तिम हुने कुरामा हामी मञ्जुर गर्दछौं।

| क. सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

- लेखा समितिको सिफारिस

उपरोक्त अनुसार कोषबाट प्राप्तहुने रकमको अनुगमन, निरीक्षण आदि गरी सो रकम सदुपयोग गर्दा र कोषलाई समयमा नै भुक्तानी गर्न गराउन लेखा सुपरिवेक्षण समितिले पूर्णरुपमा जिम्मेवारी निर्वाह गर्नेछौ।

| क. सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

सहकारी संस्थाको छाप मितिः

अनुसूचि-५

(दफा १६को खण्ड (छ) सँग सम्बन्धित)

## <u>सदस्यले ऋण मागको लागि पेश गर्नु पर्ने प्रस्तावकोढाँचा</u>

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

श्री.......................... सहकारी संस्था लि.,

......................................

विषयः ऋण उपलबध गराई पाँउ।

महोदय,

प्रदेश सरकार, प्रदेश नं. ५, सहकारी ऐन, २०७६ को दफा ८९ तथा प्रदेश नं. ५ सहकारी नियमावली २०७६को नियम ५२अनुसारम श्री......................................को छोरा/छेरी श्री...................................को श्रीमान्/श्रीमतीजिल्ला.................म.न.पा./उ.न.पा./न.पा./गा.पा.......................... बस्नेवर्ष....................को श्री...............................हालसम्म कुनै रोजगारी मूलक कार्यमा लाग्न नसकी बेरोजगार रहेकोले त्यस सहकारी संस्थाबाट निम्न व्यवसाय सञ्चालनको लागि देहायमा उल्लेख भएको योग्यता समेत हासिल गरेकोले मेरो आफ्नै जमानीमा परियोजना धितो राखीऋण उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोधछ।

१. व्यवसायको नाम ..................................................

२.व्यवसाय सञ्चालन गर्ने : प्रदेश..........जिल्ला...............गा.पा./न.पा./उप.म.न.पा./म.न.पा......................वार्ड नं...............टोल/गाँउ................घरनम्बर.........टेलिफोन नं................मोबाईल नं..................

४. व्यवसाय सञ्चालन गर्नको लागि मैले/हामीले निम्न अनुसारको विवणहरुपेश गरेको छु/छौं:

क. नागरिकताको फोटोकपी

ख. शैक्षिक योग्यताको प्रमाण-पत्र

ग. तालिमको प्रमाण-पत्र

घ. पूर्व अनुभवको प्रमाण-पत्र

ङ. फोटो

च. सञ्चालन गर्ने परियोजनाको विवरण

छ. अन्य

५.आफ्नो एकाघरको परिवार सदस्यको रोजगारीको अवस्थासमेत खुल्ने गरी पारिवारिक विवरणः

| नाम, थर | नाता | दर्जा | काम गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरणः (सहकारी संस्थाको ऋण लगानी नीति अनुसार गर्ने)

| नाम | नाता | घर जग्गाको कित्ता नं. | जिल्ला | न.पा./गा.पा. | वा.नं. | क्षेत्रफल | सगोल वा अंशवण्डा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. शर्त सुविधाः

१.उल्लेखित ऋण...............................................कार्यमा प्रयोग गर्नेछु।

२.ऋणमा सहकारीले तोकेको समय तोकेको दरमा ब्याजतथासाँवा तिर्नेछु।

३. मन्त्रालयले तोकेको कोषको ऋणको शर्त मान्न मंजुर छु।

४. मैले लिएको ऋण तोकिएको समयमा नबुझाएमा मेरो व्यवसायको दर्ता रद्द गर्ने,मेरा शैक्षिक वा व्यवसायिक प्रमाण-पत्रहरु जफत गर्ने, मैले पाउनुपर्ने/मेरो भागमापर्ने पैतृक वा आफूले आर्जन गरेको सम्पत्ति रोक्का गर्ने, कालोसूचीमा राख्ने, उम्मेदवार बन्न नपाउने, मतदानमा भाग लिन नपाउने लगायत राज्यले प्रदान गर्ने सुविधा समेतबाट वञ्चित गरी प्रचलित कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ।

५. जुनसुकै सम्पत्तिमा स्वतः पहिलो दाबी सृजना हुने र मैले पाउने रकम तेस्रो पक्षबाट असुल उपर गरी लिएमा सहमति छ तथा मेरो व्यक्तिगत जमानीमा समेत मञ्जुरी छ।

७. बीमा र ब्याज सम्बन्धमा मेरो सहमति छ।

मैले पेश गरेको उपरोक्त विवरण झुटा ठहरेमा मलाई प्रचलित कानून वमोजिमकारबाही गरेमा मेरो मञ्जुरी छ भनी माथि उल्लेखित ऋणप्राप्त गर्नको लागि यो मागफाराम पेश गरेको छु।

निवेदक

नाम थरः

दस्तखतः